**मिति २०८०/७/२१ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. विभिन्न कार्यविधि सम्बन्धमा ।
२. अन्तरपालिका रनिङ्ग शिल्ड भलिवल प्रतियोगिता सम्बन्धमा ।
३. प्रधानमन्त्री रोजगार तथा युवा रोजगार कार्यक्रम सम्बन्धमा ।
४. विविध सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कार्यालयबाट तयार भएका अटो रिक्सा इरिक्सा व्यवस्थापन कार्याविधि २०८० र निजी बन विकास तथा व्यवस्थापन कार्यविधि २०८० सबैलाई उपलब्ध गराई अध्ययन गरी विधायन समिति मार्फत आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८० साल कार्तिक १६ गते देखि सन्धिखर्कमा एवाइसी अन्तरपालिका स्तरीय रनिङ्ग शिल्ड भलिवल प्रतियोगिता संचालन हुँदा गत विगतमा भएको खेलमा लगातार २ वर्ष यस नगरपालिकाले रनिङ्ग शिल्ड जितेकोमा तेस्रो पटक समेत जित हाशिल गरी उक्त शिल्ड यस नगरपालिकाको बनाएकोले सबै खेलाडीहरु तथा खेल समितिलाई विशेष धन्यवाद दिने । साथै सो खेल संचालनका सन्दर्भमा र खेलाडीहरुलाई सम्मान स्वरुप दिएको रकम विल भरपाईका आधारमा चालु आ.व.मा युवाहरुको लागि खेलकुद तथा युवा लक्षित कार्यक्रम (राष्ट्रपति रनिङ्ग शिल्ड र मेयर तथा उपमेयर कप समेत) भनि विनियोजन भएको रकम मध्येबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८०/५/१० गतेको कार्यपालिकाबाट प्रधानमन्त्री रोजगार तर्फको बजेट कार्यान्वयनको सन्दर्भमा विभिन्न वडामा सूचिकृत वेरोजगार व्यक्तिहरुले काम गर्ने गरी संख्या तोकिएकोमा सो निर्णयलाई संसोधन गरी चालु आ.व.को लागि प्रधानमन्त्री रोजगार तर्फ रु २८८००००/- र युवा रोजगारी तर्फ रु २५०३०००/- वजेट विनियोजन भई आएकोमा इमआएस सिस्टममा सूचिकृतका आधारमा वडा नं १ देखि ७ सम्म युवा रोजगार कार्यक्रम र वडा नं. ८ देखि १४ सम्म प्रधानमन्त्री रोजगार तर्फको वजेट कार्यान्वयन गर्ने गरी प्राथमिकताका आधारमा ८० जना बेरोजगार व्यक्तिहरुलाई १०० दिन रोजगार दिन सकिने भएकोले निम्न वडामा वडा प्राथमिकीकरणको आधारमा तपशिल बमोजिमको संख्यामा वेरोजगार व्यक्तिहरुलाई १०० दिन नगरसभाबाट स्वीकृत योजनाहरुमा काममा लगाई रोजगारी प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल**

| | | | |
|---|---|---|---|
| वडा नं. १ मा ७ जना | वडा नं. २ मा ७ जना | वडा नं. ३ मा ७ जना | वडा नं. ४ मा ७ जना |
| वडा नं. ५ मा ३ जना | वडा नं. ६ मा ३ जना | वडा नं. ७ मा ३ जना | वडा नं. ८ मा ४ जना |

प्रमुख प्रशासकीय अधिकृत

वडा नं. ९ मा ८ जना    वडा नं. १० मा ८ जना    वडा नं. ११ मा ८ जना    वडा नं. १२ मा ५ जना
वडा नं. १३ मा ५ जना    वडा नं. १४ मा ५ जना गरी    जम्मा ८० जना

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

(क) प्रदेश सरकारबाट प्राप्त भिम सहिद मार्ग निर्माण वडा नं. ६ र ७ भनि विनयोजित रु १५ लाख उपभोक्ता समिति मार्फत गर्ने ।

(ख) यस नगरपालिका क्षेत्र भित्र स्थानीय फुललाई प्रर्वद्धन गर्न पलास्टीकका मालालाई निरुत्साहित गरी फुलका माला प्रयोगलाई प्रोत्साहित गर्न आ-आफ्नो क्षेत्रबाट आवश्यक समन्वय एवं पहल गर्ने ।

(ग) हालै जाजरकोट र रुकुम पश्चिममा गएको भुकम्प पिडितहरुलाई सहयोग स्वरुप यस नगरपालिकाले जिल्लाका अन्य पालिकाहरुले दिने रकम बरावरको रकम विपद् कोष बाट दिने ।

(घ) एकल महिला, एकल पुरुष र ग वर्गका अपाङ्गहरुको परिचय पत्र नविकरण गर्ने म्याद कार्यविधि बमोजिम समाप्त भएकोले चालु आ.व.को लागि उक्त नविकरण गर्ने कार्य मंसीर मसान्त सम्म गर्ने ।

(ङ) शितगंगा नगरपालिकाको कार्यालय र वडा कार्यालयहरुमा देउसी भैलो कार्यक्रम नखेल्ने नखेलाउने ।

(च) उपभोक्ता समिति सँग योजनाको सम्झौता गर्ने समयावधि समाप्त भएको तर चाडपर्व, वर्षा र राष्ट्रिय परिचय पत्र वितरण जस्ता कारणले अझै धेरै योजनाहरुको सम्झौता हुन नसकेकोले सम्झौता गर्ने म्याद २०८० मंसीर मसान्त सम्म थप गर्ने ।

(छ) शिनपा २ निवासी सुकवहादुर सार्कीले शिनपा २ धारामा स्वर्गीय बुवाको नाममा रहेको कित्ता नं. २ र ३ मा एक्साभेटर मेसिन लगाई करिव २० मी लम्बाई र १५ मी चौडाईमा घडेरी बनाउन खन्ने अनुमती र निस्कने ढुङ्गा मिस्कट रोयल्टी बुझाई विकी गर्न अनुमती पाउँ भनि निवेदन सहित नागरिकता, लालपुर्जाको फोटोकपी र सधियारको सहमती पेश गरेकोले प्राविधिक बाट अनुगमन गराई नापजाच तथा चिन्ह लगाई सो का आधारमा हुने परिमाण एकिन गरी राजश्व बुझाउन लगाई विकी गर्न लुम्बिनी प्रदेश आर्थिक ऐन २०८० मा भएको व्यवस्था बमोजिम दिने ।

(ज) यस नगरपालिकाको विकास निर्माण लगायतका सन्दर्भमा स्वास्थ्य मन्त्रालय, खानी तथा भू-गर्भ विभाग, उद्योग मन्त्रालय लगायतमा नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य शाखा प्रमुख मंसीर महिनामा उपयुक्त समय मिलाई डेलिगेसन जाने ।

प्रमुख प्रशासकीय अधिकृत